# हार्वर्डसँग सम्झौता भंग गर्न ट्रम्प प्रशासनको निर्देशन

**एजेन्सी**



वासिंगटन । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प प्रशासनले हार्वर्ड विश्व विद्यालयसँगको १०० अर्ब अमरिकी डलर बराबरको सम्झौता भंग गर्न विभिन्न निकायलाई निर्देशन दिएको छ ।

यस निर्देशनपछि संसारको प्रतिष्ठित विश्वविद्यालयलाई थप धक्का भएको छ । ट्रम्प प्रशासनको नीति नमानेको भन्दै यसअघि विश्वविद्यालयमा दिइने अनुदान खारेजीको निर्णय भएको थियो । त्यसपछि विदेशी विद्यार्थी भर्नामा रोक लगाउने निर्णयसमेत ट्रम्प प्रशासनले गरेको हो । सिएनएनमा उल्लेख गरिएको समाचारअनुसार सरकारले दातृ निकायलाई सहयोगका लागि नयाँ क्षेत्रको खोजी गर्न भनिएको छ । यसअघि वैदेशिक विद्यार्थीको सबै विवरण उपलब्ध गराउनेलगायत कामसहित सरकारले विश्व विद्यालयलाई पत्र लेखेका थियो । ती सबै सरकारी मागलाई बेवास्ता गरिएपछि सरकारले हार्वर्डविरुद्ध कदम चालेको हो ।

## गृहमन्त्रीको राजीनामा...

संविधानतः १५ जेठमा आगामी आर्थिक वर्षको बजेट पनि पेस गर्नुपर्ने हुन्छ । बजेट पेस गर्ने दिन नजिकिँदै जाँदा प्रतिपक्षीहरूको संसद् अवरोधले सरकार अप्ठ्यारोमा परेको छ । गृहमन्त्रीले राजीनामा दिनु नपर्ने पक्षमा उभिएको सत्तारुढ गठबन्धन र सरकार प्रतिपक्षीको माग पूरा गर्न तयार देखिँदैन । यता प्रतिपक्षी पनि आफूहरूको मागबाट पछि नहटेको अवस्थामा बजेट प्रभावित हुने देखिएको छ ।

'अहिलेसम्म प्रतिपक्षी दलहरू सहमतिमा आउनुहुन्छ भन्ने सरकारको ठम्याइ छ । तर प्रतिपक्षी दलले संसद् अवरोध गरिरहे के गर्ने भन्ने विषयमा भने सरकार अन्यौलमै रहेको छ', सत्तारुढ दलका १ सांसदले भने ।

## मानवअधिकार आयोगको...

आयोगको २५औँ वार्षिकोत्सव समारोहमा बोल्दै उनले कारबाहीका लागि गरिएका सिफारिस धेरै कार्यान्वयन नभएको बताए । उनले आयोगबाट गरिएका सिफारिस कार्यान्वयन नहुँदा दण्डहीनताले प्रश्रय पाउनसक्ने धारणा राखेका थिए ।

नागरिकको अभिव्यक्ति स्वतन्त्रतासँग मानवअधिकार अन्योन्याश्रित सम्बन्ध रहेको र विचार तथा अभिव्यक्तिको स्वतन्त्रतालाई शान्तिपूर्ण तरिकाले प्रस्तुत गर्नुपर्नेमा उनले जोड दिए । अध्यक्ष मगरले सशस्त्र द्वन्द्वका बेला भएका मानवअधिकार उल्लंघनका घटनाका पीडितहरूको न्याय र परिपूरण सबैको सरोकार, चिन्ता र जिम्मेवारीको विषय भएकाले राज्यका निकायहरूले कुशलतापूर्वक आफ्नो जिम्मेवारी पूरा गर्नुपर्ने बताए । चालु आर्थिक वर्षमा मानवअधिकार उल्लंघनसम्बन्धी ५८ वटा उजुरी दर्ता भएका छन् ।

## नियमावली लत्याएर...

आयोगका अनुसार परियोजना बैंकमा आव २०७७/०७८ सम्ममा ६ हजार ६४४ आयोजना प्रविष्टि गरिएको थियो । त्यस्तै, आव २०७८/०७९ मा ९९, आव २०७९/०८० मा ३९, आव २०८०/०८१ मा ११ हजार १४ र चालु आव २०८१/०८२ मा २२१ वटा आयोजना प्रोजेक्ट बैंकमा हालिएका छन् ।

आयोजना बैंक प्रभावकारी हुन नसकेको भन्दै महालेखा परीक्षकको कार्यालयले पछिल्ला ५ वर्षदेखि निरन्तर प्रश्न उठाइरहेको छ । महालेखाको ६२ औँ प्रतिवेदनमा आयोजना बैंकमा प्रविष्ट आयोजनाको विश्लेषण र मूल्यांकन गर्दा मापदण्ड अवलम्बन नगरेको उल्लेख गरेको छ ।

प्रोजेक्ट बैंकमा 'कैँची'

आगामी आर्थिक वर्ष २०८२/०८३ को बजेटका लागि स्रोत जुटाउन सकस परेको भन्दै सरकारले आयोजना कटौती गर्ने नीति लिएको छ । प्रोजेक्ट बैंकमा परेका करिब १० देखि ११ हजारको संख्यामा आयोजनाहरू कटौतीमा पर्ने भएका छन् । तर आयोजना कटौती गर्दा कस्तो प्रकृतिका आयोजनालाई बैंकबाट हटाउने र त्यसरी हटाउँदा के कस्ता प्रभाव देखिन सक्छ भनेर कुनै अध्ययन भएको देखिँदैन ।

आयोजना निर्माणको स्रोत के हो ? भन्नेकुरा पनि खुलाउनुपर्ने हुन्छ । नेपाल सरकारको स्रोत, वैदेशिक तथा आन्तरिक ऋण वा अनुदानमा सञ्चालन हुने सबै खालका आयोजनालाई प्रोजेक्ट बैंकमा राख्नुपर्ने व्यवस्था गरिएको छ । सार्वजनिक-निजी साझेदारीमा सञ्चालन हुने आयोजना, प्रदेश तथा स्थानीय सरकारबाट कार्यान्वयन हुने राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनालाई पनि प्रोजेक्ट बैंकमा राख्नुपर्ने व्यवस्था गरिएको छ ।

## २ साताअघि...

नेपालमा मनसुन भित्रिने औसत मिति जुन १३ तारिख हो । तर, ठ्याक्कै यही मितिमा मनसुन भित्रिने गरेको छैन । कि २/४ दिन ढिलो कि छिटो भित्रिने गरेको छ । यसपटक भने औसत मितिभन्दा करिब २ साताअघि मनसुन नेपाल प्रवेश गर्ने सम्भावना देखिएको हो । गत वर्ष पनि मनसुन औसत मितिभन्दा ३ दिनअघि जुन १० तारिखका दिन नेपाल भित्रिएको थियो ।

मनसुन भित्रिएपछि बर्खा सुरु भएको मानिन्छ । अहिले भने नेपालमा मनसुन भित्रिनुअघिको सिजन प्रि-मनसुन चलिरहेको छ। मनसुन भित्रिएपछि यो सिजन अन्त्य हुन्छ । मौसमविद्का अनुसार नेपालमा मनसुन जुन, जुलाई, अगस्ट र सेप्टेम्बर ४ महिना रहन्छ । नेपालबाट मनसुन बाहिरिने औसत मिति अक्टोबर २ तारिख हो । तर, यसमा पनि केही दिन तलमाथि हुन्छ ।


**माइग्रेशन हरायो**

मिति २०८२/०१/०४ गते महाराजगंजबाट एयरपोर्टसम्म जाँदा मेरो +२ को माइग्रेशन सर्टिफिकेट हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध छ ।

**नाम : अनिश विष्ट**
**ठेगाना : गाईघाट, उदयपुर**
**रजिष्ट्रेशन नं. ७९११४०५७०००८**
**रोल नं. : २१४०४०५८**
**सम्पर्क नं. : ९८२२३१७०६३**

**माइग्रेशन हरायो**

मिति २०८२/०१/०२ गते कपनबाट भक्तपुरसम्म जाँदा मेरो +२ को माइग्रेशन सर्टिफिकेट हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध छ ।

**नाम : विनिता वादी**
**ठेगाना : भक्तपुर**
**रजिष्ट्रेशन नं. ८०३२७०२२००**
**सिम्बोल नं. : २२७०५५८०**
**सम्पर्क नं. : ९८०१०८७७२३**


## सडक डिभिजन नुवाकोट

## ठेक्का अन्त्य गरिएको तथा फरफारक सम्बन्धी सूचना

**प्रकाशित मिति: २०८२/०२/१४**

प्रस्तुत विषयमा यस कार्यालय अन्तर्गत रहेका तपसिलमा उल्लेखित ठेक्काहरुको निर्माण व्यवसायीहरुसँग विभिन्न मितिमा सम्झौता भएकोमा निज निर्माण व्यवसायीहरु द्वारा निर्धारित समयसीमा भित्र निर्माण कार्य सम्पन्न गर्न नसकेको, सो पश्चात समेत निर्माण व्यवसायीहरुलाई लिखित तथा मौखिक रुपमा कार्य सम्पन्न गर्न पटक पटक अनुरोध गर्दा समेत निर्धारित अवधिमा कार्य सम्पन्न हुन् नसकेको स्पष्ट कारण पेश नभएकोले, निर्माण व्यवसायीहरुले आफ्नो कराारिय दायित्व पुरा नगरेको, सार्वजनिक खरिद नियमावली (संशोधन समेत), २०६४ बमोजिम म्याद थप समेत नभई ठेक्का अलपत्र अवस्थामा रहेकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९ (७) समेतको आधार मानी मिति २०८२/०१/२५ को निर्णयानुसार ठेक्का सम्झौता अन्त्य गरीएको व्यहोरा सम्बन्धित सवैलाई जानकारी गराइन्छ । साथै, सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार Post Termination Evaluation भई स्थापित हुने रकम सरकारी बाँकी सरह असुल उपर हुने कानुनी व्यवस्था भएकोले यो सूचना प्रकाशित गरीएको मितिले १५ दिन भित्र निर्माण व्यवसायीहरुलाई यस कार्यालयमा सम्पर्क राखी वित्तीय फरफारक गर्न समेत अनुरोध गरिन्छ ।

**तपसिल:**

| सि नं | कार्यको विवरण | ठेक्का नं. | निर्माण व्यावसायिको नाम, ठेगाना |
|---|---|---|---|
| 1 | Road Excavation and Structure Works along Thori Bhandara Malekhu (Chepang Marga Dhading Sector) | DROBHT/ 3371994/069/70-043 | M/S Aajiwan / New Tinkanya JV, Benighat, Dhading |
| 2 | Road Upgrading Works on United Cement Factory Access Road, Dhading | DROBHT/307108/70/71-004 | M/S Himdung & Thokar / Hira & Namita JV, Kathmandu |
| 3 | Construction of Sign Board, Cantry Post and Road Furniture Painting on PRM & TRP | DROBHT/3371654/070/71-114 Toll | M/S Deep Shree Engineering Pvt. Ltd., Tahachal, Kathmandu |
| 4 | Roadway Excavation for Dhadingbesi Sangkosh Tipling (New Track from Ghyangsa) Road | DROBHT/3371484/071/72-079 | M/S Pyaldor Himal Nirman Sewa, Tipling, Dhading |
| 5 | Roadway Excavation and Hume Pipe Culvert Construction works on Gola Bhanjyang Simle Todke Road | DROBHT/3371484/071/72-080 | M/S Shiva Shakti Nirman Sewa, Hetauda-4, Makawanpur |
| 6 | Roadway Excavation on Somdang Tipling Road | DROBHT/3371484/071/72-087 Re | M/S Pyaldor Himal Nirman Sewa, Tipling, Dhading |
| 7 | Roadway Excavation along Rigne Raauthe Road | DROBHT/3371074/071/72-111 | M/S Pyaldor Himal Nirman Sewa, Tipling, Dhading |
| 8 | Blacktop Road Construction of Nuwakot Durbar Pahucha Sadak | DRONKT/3373554/7374/005 | M/S Chyangrasi Nirman Sewa, Goldhunga-3, Kathmandu |
| 9 | Soling & Gabion Construction Works on Sikre Virbari Section of Samundradevi Gurje Talakhu Road | DRONKT/3371484/7374-030 | M/S Om Ganesh Nirman Sewa, Kathmandu |
| 10 | Road Works under Package-2: Dhadingbesi Khalte Phosretaar Road, Dhadingbesi Kintangphedi, Kimtangphedi Bachchhala Bachait Road, Osoasram Marga and Trishuli Kimtang Manetaar Road, Dhading | DROBHT/3371234/073/74-034 RE | M/S Prithvi Nirman Sewa, Dhading |
| 11 | Road Construction and improvement works in Siktar Budhathum Baseri Manbu Road, Dhading | DROBHT/3373354/073/74-039 | M/S Deep Shree Engineering Pvt. Ltd., Tahachal, Kathmandu |
| 12 | Road Works under Package-5: Baireni ward no 5 Amdada to Ward no 4 Tukting Road, Benighat Bauntar Road, Damechaur 10 Tame Rajmate Road, Hiti Sukaura, Jalkeni Pokharigaun Kalleri Sunaulabazar Road, Mahadevbesi Kafaltar Nayagaun to Nuwakot Road Dhading, Naubise Ward No 7 Healthpost toplang Road and Piplamod Kukhurechaur Maheshphanth Dhading, | DROBHT/3371484/073/74-044 RE | M/S Puja Construction, Dhading |
| 13 | Road Construction Including Earthwork, Roadside Structures, Cross Drainage Structure Works on Raniswara Bhalukhola Thapagaun Samari Road, Nuwakot | DRONKT/3371234/7374-047 | M/S Siyon Nirman Sewa, Bidur-13, Nuwakot |
| 14 | Specific maintenance works on PRM Charauli Bridge Approach and Chalise Slab culvert extention | DROBHT/3371653/073/74-107RE | M/S D.P. Kandel Nirman Sewa, Benighat-8, Dhading |
| 15 | Road Imrpovement Works of Damki - Phalante Road, Nuwakot (Pkg-02) | DRONKT/3373554/7475/011 | M/S Pabitra Multiple Construction Pvt. Ltd., Jorpati, Kathmandu |
| 16 | Road Safety Works on TRP & PRM | DROBHT/3373564/074/75-015 | M/S Cheetah & Salleri Associates Pvt. Ltd., Bharatpur-11, Chitwan |
| 17 | Road Imrpovement Works of Damki - Phalante Road, Nuwakot (Pkg-02) | DRONKT/3373554/7475/024 | M/S Pabitra Multiple Construction Pvt. Ltd., Jorpati, Kathmandu |
| 18 | Road Safety Works on Betrawati - Dhunche - Syaphrubesi Road, Rasuwa and Gurje- Chhahare Road, Nuwakot | DRONKT/3371653/7475/027 | M/S Uttargaya Construction Pvt. Ltd., Thulogaun, Rasuwa |
| 19 | Road Construction & Improvement Works on United Cement Factory Approach Road, Dhadingbesi Na. Pa. Dhading | DROBHT/3371084/074/75-28 | M/S Kasthamandap / Divya Jyoti J.V., Kalanki, Kathmandu |
| 20 | Longitudinal Drainage and Sub Base Works along different chainages of Huaxin Cement Factory Access Road and Lime Stone Quarry Site Access Road, Dhadnig | RDBHT/307001014/076/77-99 | M/S GMR Construction Nepal Pvt. Ltd., Madi-01, Chitwan |
| 21 | Traffic Safety Works on Gurje- Chhahare Road (NH40) & Betrawati - Dhunche - Syaphrubesi Road (NH18) | RDNKT/33701136/077/78/08 | M/S R.S.A. / G.K. Joint Venture, Nuwakot |
| 22 | Rehabilitation works along Tribhuwan Raj Path (TRP NH41), at different chainages of Piplamod Naubise section, CH14+600 -CH 25+00 Dhading | DROBHT/337011384/078-79/06 | M/S Vision Construction, Hetauda, Makawanpur |
| 23 | Traffic Safety Works at SRN Roads of Nuwakot and Rasuwa districts,Gurje Chhahare Road & Betrawati Dhunche Road | RDNKT/33701136/078/79-09 | M/S Manakamana Construction Pvt. Ltd., Panchakanya-3, Nuwakot |
| 24 | Road Improvement works on Khosretar Khalte Dhading Besisahar Road, Dhading | RDNKT/33701169/078/79-22 | M/S P.R. / Nana JV, Dhading |
| 25 | Road Improvement works of Dhadingbesi Sankosh Tippling Road (Package-3 | RDNKT/33701169/078/79-40 | M/S Pampha Nirman Sewa, Nijgadh-6, Bara Nepal |

**डिभिजन प्रमुख**